लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं ।
- घरवरिपरि पानी जम्न नदिऔं ।
- घर तथा गोठवरिपरि सफासुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० साउन १७ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 August 02 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३३३

टाँगियाबस्तीका सागर हत्कडीसहित फरार

बन्दुक, वन्यजन्तुको हाडखोर बरामद

प्रस, निजगढ, १६ साउन/

बाराको जीतपुरसिमरा उपमहानगरपालिका–१६ टाँगियाबस्तीमा मङ्गलवार बिहान करीब ६:३० बजे केही स्थानीय र प्रहरीत्रबीच घम्साघम्सी भएको छ ।

प्रहरीको कब्जाबाट गाउँलेले भगाएको सागर लामा र उनको घरबाट बरामद बन्दुक, बारुद, वन्यजन्तुका हाडखोर । तस्वीरः प्रतीक

प्रहरीले स्थानीय ३५ वर्षीय सागर लामाको घरमा छापा मारी बारुद लोड गरिएको भरुवा बन्दुक र वन्यजन्तुका हाडखोरसहित पक्राउ गरी ल्याउने क्रममा दुई/तीन सयको सङ्ख्यामा जम्मा भएका स्थानीय महिलाहरूले बाटो अवरोध गरी अभियुक्त सागरलाई हत्कडीसहित प्रहरीको कब्जाबाट खोसेर भगाएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठको नेतृत्वमा १५ जना सुरक्षाकर्मी टाँगियाबस्ती गएका थिए। प्रहरीले सर्जमिन मुचुल्का गरी लामालाई पक्राउ गरी फर्कने क्रममा बस्तीमा ठूलो सङ्ख्यामा रहेका स्थानीय महिलाहरू र प्रहरीबीच करीब आधा घण्टा घम्साघम्सी भएको बुझिएको छ।

“हामीले भीडमा रहेका स्थानीयहरूलाई धेरै आग्रह गर्‍यौं । सम्झायौं तर उनीहरूले प्रहरीको कुनै कुरा मानेनन् । सुनेनन् । प्रहरीमाथि नै हातपात गर्दै जाइ लाग्दै अभियुक्त लामालाई प्रहरीको सुरक्षा घेराबाट खोसेर लगेपछि आत्मरक्षाको लागि पाँच राउन्ड हवाई फायर गरेको हो,” प्रनि श्रेष्ठले बताए ।

प्रहरीले पक्राउ गरिसकेपछि बलजफ्ती गरी हत्कडीसहित भगाउन नहुने जीतपुरसिमरा उपमहानगरपालिका–१६ का अध्यक्ष हरिदेव खरेलले बताए । भगाउन सहयोग गर्ने र भागेका अभियुक्तको खोजतलाश गरी कानूनी दायरामा ल्याउन स्थानीय जनप्रतिनिधिको नाताले आफूले प्रहरी प्रशासनलाई सघाउने वडाध्यक्ष खरेलले बताए ।

घटनास्थलमा खटिएका प्रहरीहरूले गालीगलौज, अपमान सहेर धेरै धैर्यता र संयमता अपनाएका कारण कुनै मानवीय क्षति हुन नपाएको बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले बताए । प्रहरीले दसी प्रमाणसहित पक्राउ गरी ल्याउँदै गर्दा हुलहुज्जत गरी कानूनलाई हातमा लिन खोज्नु कानूनविपरीत कार्य भएको प्रउ बोगटीले भने । “प्रहरीले धैर्यता र संयमता गुमाउन पुगेको भए टाँगियाबस्तीमा ठूलो मानवीय क्षति हुन सक्थ्यो तर त्यो हुन पाएन,” प्रउ बोगटीले प्रतिक्रिया दिए ।

सो छापामारीबाट प्रहरीले एक थान बारुद भरिएको भरुवा बन्दुक, एक पाउ बारुद, छर्रा दुईवटा, जङ्गली जनावरका दाँत जस्तो देखिने दुईवटा वस्तु, जनावरका रौं १३ वटा, जनावरका नङ्ग्रा तीनवटा बरामद गरिएको जिप्रका, बाराले जनाएको छ ।

टाँगियाबस्तीमा पछिल्लो समयमा बाघ, चितुवा, जङ्गली हात्ती जस्ता वन्यजन्तुहरूको त्रास निकै बढेपछि स्थानीयले आत्मरक्षाका लागि भरुवा बन्दुक राखेको एकजना स्थानीयले बताए।

मटिअर्वा-मानवत सडकखण्डमा कउमनपाले डोजर चलायो

अधूरो सडकखण्ड केही महीनाभित्र पूर्ण हुने -नगरप्रमुख साह

प्रस, वीरगंज, १६ साउन/

कलैया उपमहानगरपालिकाले मटिअर्वा–मानवत सडकखण्ड अन्तर्गत उपमहानगर क्षेत्रमा पर्ने सडक अतिक्रमण हटाउन शुरू गरेको छ ।

गत शनिवार साउन १३ गतेदेखि डोजर लगाएर सडकखण्डमा पर्ने पक्की संरचना नगरपालिकाले भत्काउन शुरू गरेको नगरप्रमुख विनोद साहले बताए । उनले २०६९ सालदेखि सो सडकखण्डको निर्माण कार्य शुरू भएपनि कलैया उपमहानगरपालिका अन्तर्गत संस्कार एफएम रहेको क्षेत्रदेखि बरेवास्थित दुर्गा माविसम्मको तीन किलोमिटर क्षेत्रफलमा रहेका पक्की संरचना नहटाइँदा सडक निर्माण कार्य ११ वर्षदेखि प्रभावित भएको थियो । नगरप्रमुख साहले तीन किलोमिटरमा रहेका अवैध संरचनाका कारण मटिअर्वा–मानवत सडकखण्ड पूर्णरूपमा सम्पन्न हुन नसकेको र अहिले सो क्षेत्रमा रहेका अवैध संरचना हटाउन शुरू गरेपछि आगामी केही महीनामा सडक निर्माण कार्यले पूर्णता पाउने उनले विश्वास व्यक्त गरे। शनिवार कउमनपाले तीनवटा डोजरसहित सडकखण्डमा रहेका अवैध संरचना भत्काउन शुरू गरेको र त्यहाँका मानिसहरूले समय माग गरेर अहिले आफैं भत्काइरहेका नगरप्रमुख साहले बताए ।

कलैया उपमहानगरपालिका
कलैया, बारा
२नं. प्रदेश,नेपाल
२०७३

तस्वीरः फाइल

पर्साको ग्रामीण भेगमा लागूऔषध दुर्व्यसनी बढे

ओमप्रकाश चौधरी, सेढवा, १६ साउन/

पर्साको ग्रामीण भेगमा लागूऔषध दुर्व्यसनीहरू बढेका छन् । यस क्षेत्रका अधिकांश युवाले जाँडरक्सी, बिंडी, चुरोट, गुटखा सेवन गर्ने गरेका छन् ।

कतिपयले गाँजा, चरेस, नशाका ट्याबलेट, नाइट्रोभेट इन्जेक्शनलगायतका लागूऔषध सेवन गर्छन्, जसले गर्दा विकृति बढेको छ । यस्ता नशालु पदार्थ सेवन गरेपछि कतिपय युवाले चेतना नै गुमाउने गरेका छन् भने अनेकौं किसिमको अनैतिक तथा आपराधिक क्रियाकलापमा उनीहरूको सहभागिता हुने गरेको प्रहरीले जनाएको छ ।

लागूऔषध सेवन गर्नेमा विद्यार्थीहरूको सङ्ख्या पनि बढ्दो छ । लागूऔषध सेवन गरी सवारी चलाउँदा दुर्घटना हुने, झैंझगडा, मारपिट तथा चोरीका घटनामा पनि वृद्धि भएको छ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक राजाराम केशरीले भारतीय बजारबाट लागूऔषध खरीद गरेर ल्याउने, प्रयोग गर्ने र अन्य ठाउँमा पठाउने कार्य भइरहेको बताए । प्रहरीले सूचनाको आधारमा बेलाबखत केहीलाई पक्राउ गरे पनि खुला सीमाका कारण लागूऔषधको कारोबार गोप्यरूपमा भइरहेको उनले बताए । नशालु पदार्थ ओसारपसार गर्ने अधिकांश १८–२० वर्षका युवा हुने गरेको र प्रायः एसइई दिएर बसेका विद्यार्थीहरूको संलग्नता बढी देखिएको प्रनि केशरीले बताए।

तस्वीरः फाइल

ठोरी गाउँपालिका–५ सुवर्णपुरका रामबहादुर पाख्रिनले युवामा लागूऔषध दुर्व्यसनी हदैसम्म बढेको बताए। उनले यस्ता विकृति शहरबाट अहिले गाउँमा पसेको बताए । लागूऔषध दुर्व्यसनी न्यूनीकरण गर्न स्थानीय पालिकाको भूमिका आवश्यक भएको उनले बताए। युवामा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न ताल भन्ने संस्थामा अपील गरेको तर हालसम्म कुनै सूचना नआएको पाख्रिनले बताए ।

हरेक स्थानीय तहमा यस्ता कार्यक्रम सञ्चालनका लागि प्रत्येक आर्थिक वर्षमा लाखौं रकमको बजेट विनियोजन गरिन्छ तर त्यो कागजमा मात्र सीमित भएको स्थानीयको आरोप छ । कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिहरूको मिलेमतोमा स्थानीय सामाजिक संस्थालाई कार्यक्रम सञ्चालन गर्न दिने गरिएकाले कार्यक्रम प्रभावकारी हुने गर्दैन ।

पटेर्वासुगौली गापाका अध्यक्ष दिनेशकुमार चौधरीले लागूऔषध दुर्व्यसनी न्यूनीकरण गर्ने अभियान नै चलाएको बताए । उनले गत आवदेखि विद्यालयबाट सो अभियान शुरू गरिएको बताए। जिल्ला प्रहरी कार्यालय, पर्सासँग सहकार्य गर्दै जनचेतनामूलक कार्यक्रम प्रत्येक वडामा प्रभावकारी तवरबाट सञ्चालन भइरहेको अध्यक्ष चौधरीले बताए ।

पर्साका सामाजिक अभियन्ताहरूले बालबालिकाहरू यस्ता विकृति तथा विसङ्गतिमा लाग्नुको पूर्ण जिम्मेवार

(बाँकी पाँचौं पातामा)

चार महीने बालकको चारकोसे झाडीबाट उद्धार

प्रस, निजगढ, १६ साउन/

आफूले जन्माएको बालकलाई बेवारिसे अवस्थामा जङ्गलमा वा एकान्त स्थानमा जिउँदै छाडेर जाने घटनाहरू हाम्रो समाजमा अहिले बढेको छ। जन्म दिएर करीब चार महीनासम्म हुर्काएर चारकोसे झाडीको एकान्त जङ्गलमा जिउँदै बालक छाडेर जाने आमा पनि हुन्छिन् भन्ने शायदै धेरै मानिसले नपत्याउलान् ।

यस्तो घटना बाराको निजगढमा मङ्गलवार भएको छ। पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ सडकखण्डको धन्सार जङ्गलनजीकै करीब चार महिने बालकलाई एकजना यात्रुले जिउँदै फेला पारेका छन् ।

निजगढ प्रहरीका अनुसार बसका यात्रुहरू आज बिहान करीब ८ बजे सडकछेउको जङ्गलमा शौच गर्न जाँदा एकजना यात्रुले झाडीमा अबोध बालक देखेपछि यात्रुहरूको सल्लाहमा उनले बालकलाई इलाका प्रहरी कार्यालय, निजगढमा बुझाएका थिए ।

हामीले बालक ल्याउने यात्रुसँग सोधखोज गरेपछि प्रहरीले बालक बुझेको इप्रका, निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठले बताए। यात्रुका भनाइ अनुसार धन्सार र भमरा पुल सडकखण्डको दक्षिणी जङ्गल किनारबाट लगभग १० मिटर पर झाडीमा बालक फेला परेको जानकारी प्रहरीलाई दिएको प्रनि श्रेष्ठले बताए ।

चार महीने बालकलाई नुहाउँदै स्वास्थ्यकर्मी र नुहाइसकेपछिको बालक। तस्वीरः प्रस

प्रहरीले तत्कालै निजगढ सामुदायिक अस्पतालमा बालकको स्वास्थ्य परीक्षण गराएका थिए । बालकको स्वास्थ्य परीक्षणमा संलग्न चिकित्सक मुन्ना साहका अनुसार बालकको शरीरका विभिन्न भागमा माटो लागेको र टाउकोमा सानो घाउ देखिएको छ।

बालकलाई नुहाइधुवाइ गरेपछि घाउको उपचार गरेको र बालकको स्वास्थ्य अवस्था सामान्य रहेको डा साहले बताए।

बालकलाई हेर्न इप्रकामा स्थानीयहरूको भीड लागेको छ भने बालकको पालनपोषणको जिम्मा लिने भन्दै स्थानीयहरू आउने गरेको प्रहरीले बताएको छ। बालकलाई जिल्ला अस्पताल कलैयामा इप्रका, निजगढले बताएको छ।

महुवन स्वास्थ्य चौकीमा एक्स–रे सेवाको उद्घाटन

नरेश यादव, पर्सागढी, १६ साउन/

सखुवाप्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादवले महुवन स्वास्थ्य चौकीमा जडान गरिएको एक्स–रे सेवाको उद्घाटन गरेका छन् ।

रु ५० लाखमा किनेको सो मेशिनको उद्घाटन गर्दै अध्यक्ष यादवले गापावासीलाई स्तरीय सेवा दिइने बताए। उनले यहाँबाट रु तीन सयमैं एक्स–रे सेवा लिन सकिने बताए ।

अध्यक्ष यादवले गापाको विकासको लागि आफू सक्रिय रहेको बताए । वडाध्यक्ष अशेश्वर यादवको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष शर्मिला विष्ट, वडाध्यक्ष वासुदेव महतो, मोजामिल अन्सारी, मुन्ना प्रसादलगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत जशोदा पण्डित र सहजीकरण स्वास्थ्य शाखा प्रमुख सरोज गिरीले गरेका थिए ।

सखुवा प्रसौनी गाउँपालिका वडा नं. ५
महुवन स्वास्थ्य चौकीमा एक्स-रे सेवा संचालन
समुदघाटन कार्यक्रम
स्थानः महुवन स्वा. चौकी
मितिः २०८०/०४/१६ गते

विचारसार र सूक्तिहरू

समस्या कहिले त्यति ठूलो हुँदैन, जति हामी ठान्दछौं । कसैले सुनेको छ, अँध्यारो जतिसुकै बाक्लो भएपनि बिहानीलाई रोक्न सकेको होस् ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

हतियारले हतियार जन्माउँछ

हतियार आफैंमा समस्या हो, यसले कुनै नयाँ उपलब्धि त दिंदैन नै, अन्ततः हतियारको व्यवस्थापनलाई मात्रै पनि ठूलै उपलब्धि ठान्नुपर्ने बाध्यता आइपर्छ । कसै व्यवस्थापन हुन नसके हतियारले अर्को हतियार जन्माउँछ । राजनीतिक परिवर्तनको सबैभन्दा सहज बाटो शान्तिपूर्ण मतदान तथा लोकतान्त्रिक पद्धतिलाई मानिएको छ । हाम्रो मुलुकमा एक दशकभन्दा लामो अवधि चलेको माओवादी विद्रोहले के दियो के दिएन ? विभिन्न तर्क, वितर्कहरू छन् । यथार्थमा भन्ने हो भने जति क्षति भयो, त्यसको पूर्ति अझै हुन सकेको छैन । द्वन्द्वको क्रममा गुमेका १७ हजारभन्दा बढी मानिसको ज्यान फर्काउन सक्ने कुरा भएन । 'ध्वंसपछि निर्माण' भन्दै १० वर्षमा तहसनहस पारिएका भौतिक संरचना, विकासका पूर्वाधार, निजी तथा सार्वजनिक धनसम्पत्तिको क्षति, २०७२ सालको विध्वंसकारी भूकम्पले पुऱ्याएको क्षतिभन्दा कम छैन । युद्धको क्रममा लागेका घाउ, वेदना र छटपटीहरू ऐजेरु परेका छन् । विस्थापितहरू पूर्ववत् अवस्थामा स्थापित हुन सकेका छैनन्, फाटेका मनहरू झन् दरार पर्दैछन् । माओवादी विद्रोह शान्ति प्रक्रियामा आएको दुई दशक बित्न लाग्दा र माओवादी नेतृत्व पटकपटक सत्तामा पुग्दासमेत राष्ट्र, राष्ट्रियता र जनजीविकाका सवालहरू उसैले उठाएका ४० बुँदे मुद्दा जस्ताको तस्तै छन् ।

हो, माओवादी विद्रोहको सिको गर्दै ससाना हतियारधारी शक्तिहरू दर्जनौं जन्मिए । सबैभन्दा धेरै विद्रोही समूह मधेसमा जन्मिएका थिए । डा सिके राउतको नेतृत्वमा पनि हतियार उठेकै हो । त्यसैगरी, विप्लव नेतृत्वको माओवादी र पूर्वमा विभिन्न जातीय सङ्घ/सङ्गठनहरूले माओवादीकै सिको गरेका हुन् । उनीहरूले माओवादी विद्रोहको जस्तो आकार लिन नसके पनि शान्ति प्रक्रियामा नआउन्जेल लोकतान्त्रिक प्रक्रिया र शान्ति सुरक्षामा खलल पुऱ्याइरहे । त्यति बेला विद्रोही समूहहरूको नाम भजाउँदै समाजमा आतङ्क सिर्जना गर्ने लुटेरा समूहहरूले पनि निकै दुःख दिए । 'बुबाले जे सीप गरे, छोराले त्यही गर्छ' भन्ने भनाइ छ । अतः अघिल्लो पुस्ताको सिको पछिल्लो पुस्ताले गर्छ । जुन मुलुक तथा समाजमा अशान्ति जन्मियो, त्यहाँ कुनै न कुनै रूपमा अशान्तिकै लहर चलिरहन्छ । जतिसुकै सम्पन्न र समृद्ध भएपनि द्वन्द्वको कारण त्यसले साकार रूप पाउन सक्दैन ।

पश्चिमी अफ्रिकी मुलुक नाइजरको घटनाले पनि यस तथ्यलाई पुनः पुष्टि गरिदिएको छ । नाइजर फ्रान्सको अधीनस्थ थियो । मुक्त हुन सकेमा फ्रान्सभन्दा पनि समृद्ध बन्ने सपनाका साथ स्वतन्त्रताका लागि सशस्त्र विद्रोह भयो । फलस्वरूप सन् १९६० मा नाइजर फ्रान्सबाट स्वतन्त्र बन्यो । युरेनियमको धनी मुलुक नाइजरको युरेनियमले फ्रान्स चम्किएको छ । स्वतन्त्रताको लागि उठेका हतियारको सही व्यवस्थापन हुन नसक्दा यहाँका नागरिकको लागि हिंसाको लत बस्यो । तब ससाना असन्तुष्टिको अभिव्यक्ति पनि हतियारबाटै दिन थालियो । सशस्त्र समूह बोको हराम र आइएसको यहाँ जबरजस्त पकड छ । नाइजरमा आधुनिक हतियारधारी डाँका समूहको पनि आतङ्क छ । स्वतन्त्रताको छ दशकमा यहाँ चारपटक सैनिक विद्रोह भइसकेको छ । जननिर्वाचित राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्थ गर्दै हालै सेनाले सत्ता हातमा लिएको छ । सेनाभित्रै पनि दुई गुट देखिन थाल्यो । एउटा विद्रोहले आकार नपाउँदै त्यहाँ अर्को विद्रोह हुने सङ्केत छ । आज संसारको सबैभन्दा गरीब राष्ट्रको सूचीमा यो देश छ ।

चर्चामा चिनियाँ विदेशमन्त्रीको नियुक्ति

स्वतन्त्र विचार

श्रीमन्नारायण

an_shriman@yahoo.com

चीनले आफ्ना विदेशमन्त्री छिन काङ्लाई पदमुक्त गरेको एक साता भइसकेको छ । एक महीनादेखि सार्वजनिकरूपमा देखा नपरेका उनलाई गत साता पदबाट हटाइएको हो । उनी सात महीनाअघि मात्रै विदेशमन्त्री नियुक्त भएका थिए । उनलाई हटाइनुको आधिकारिक कारण र उनको अवस्थाबारे चीनले केही पनि खुलाएको छैन तर यस सम्बन्धमा विभिन्न किसिमका अनुमानहरू चर्चामा छन् । उनको स्थानमा चिनियाँ कम्युनिस्ट पार्टीका विदेश मामिला प्रमुख वाङ यीलाई नियुक्त गरिएको छ । चीनका नीति निर्माताहरूले उनलाई पदमुक्त गर्ने र वाङ्लाई विदेशमन्त्री बनाउने पक्षमा मतदान गरेका थिए, जसलाई राष्ट्रपति सी जिनपिङले पनि स्वीकृत गरेका छन् । काङ्को नियुक्तिअघि चीनको विदेशमन्त्री वाङ नै थिए । हुनत कुनै पनि देशका सरकार प्रमुखलाई आफूलाई सहज हुने खालको मन्त्रिपरिषद् बनाउने अधिकार हुन्छ तर एक महीनासम्म अज्ञात अवस्थामा रहेका मन्त्रीको ठाउँमा नयाँ व्यक्तिको नियुक्तिले बढी चर्चा पाउनु स्वाभाविकै हो ।

चिनियाँ राष्ट्रपति सी जिनपिङको विश्वासपात्र मानिएका ५७ वर्षीय काङ गत डिसेम्बरमा चीनका विदेशमन्त्री भएका थिए । विदेशमन्त्री हुनुअघि उनी अमेरिकाका लागि चिनियाँ राजदूत थिए । लामो समयदेखि सार्वजनिकरूपमा देखा नपरेपछि उनलाई पदमुक्त गर्न लागिएको अनुमान गरिएको थियो । श्रीलङ्का, भियतनाम र रूसका पदाधिकारीसँग गत जून २५ मा भेट गरेपछि उनी सार्वजनिकरूपमा देखा परेका थिएनन् । अन्तिमपटक सार्वजनिक कार्यक्रममा उनी रूसी उपविदेशमन्त्री एन्ड्री रुन्देन्कोसँग देखिएका थिए । त्यसपछि गत जुलाई ४ मा काङ र युरोपेली सङ्घका विदेश नीति प्रमुख जोसेफ बोरेलबीचको भेटवार्ता चीनले रद्द गरेको थियो । हालै चीन भ्रमणमा रहेका उच्च अधिकारीहरूसँग पनि उनले भेट गरेका थिएनन् । यस्तै, इन्डोनेशियाको जकार्तामा भएको आसियान देशहरूको विदेशमन्त्रीको बैठकमा पनि उनी सहभागी भएनन् । स्वास्थ्यका कारण उनी उपस्थित हुन नसकेको चीनले बताएको थियो । उनलाई बेइजिङको प्रतिनिधिमण्डलको प्रमुखबाट हटाइएको थियो । उनको अनुपस्थितिका बारेमा उनले नेतृत्व गरेको चिनियाँ विदेश मन्त्रालयले कुनै पनि जानकारी दिएको थिएन ।

५७ वर्षीय यी चिनियाँ राजनीतिज्ञ पछिल्लोपटक नयाँ वर्षको बिदाको बेलामा करीब आठ दिन सार्वजनिक समारोहमा उपस्थित भएका थिएनन् । निवर्तमान चिनियाँ विदेशमन्त्री ग्याङ र युरोपेली सङ्घका विदेश नीति प्रमुखबीचको वार्ता पछि धकेलिएपछि चीनले युरोपेली सङ्घलाई वार्ताको निम्ति नयाँ मिति तोक्न आग्रह गरेको थियो तर युरोपेली सङ्घले भने नयाँ मिति तोक्न अब सम्भव नभएको बताएको थियो । बेइजिङले यसबारे थप स्पष्टीकरण दिएन । अमेरिकी सञ्चारमाध्यम रायटर्समा प्रकाशित समाचार अनुसार बोरेलको बेइजिङमा निर्धारित आगमनको दुई दिनअघि मात्र कार्यक्रम स्थगित भएको जानकारी उनलाई गराइएको थियो । फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेसँग चिनियाँ राष्ट्रपतिको भेटका क्रममा पनि ग्याङ्ग पुनः एकपटक अनुपस्थित थिए । जुलाईको शुरूमा सम्पन्न ट्रेजरी सेक्रेटरी जेनेट येलेन र जलवायुदूत जोन केरीको भ्रमणका क्रममा पनि उनी चिनियाँ अधिकारीहरूसँग कार्यक्रममा उपस्थित थिएनन् । उनको अनुपस्थितिको बारेमा चिनियाँ सामाजिक सञ्जाल 'वेइबो'मा पनि व्यापक खोजी र चर्चा हुन थालेको समाचार एजेन्सी गार्जियनले छापेको थियो । खोज इन्जिन 'बाइडु'मा उनको विषयमा खोजी गर्नेको सङ्ख्या गत साता २८ गुनाले बढेको छ । ग्याङ्ग कहाँ छन् ? भन्ने विषयमा प्रतिदिन तीन लाख ८० हजारले खोजी गर्ने गरेको रायटर्स समाचारमा उल्लेख छ ।

ग्याङ्गको अनुपस्थितिका विषयमा कूटनीतिक समुदायमा पनि व्यापक छलफल शुरू भएको छ । केहीले यस घटनालाई चीनको पारदर्शिताको अभावको संज्ञा दिएका छन् । विश्वमा चीनको हैसियत र प्रभावलाई ध्यानमा राख्दै यहाँका विदेशमन्त्री २० दिनभन्दा लामो समयदेखि सार्वजनिकरूपमा नदेखिनु साँच्चै अनौठो कुरा भएको कम्युनिस्ट पार्टीले सञ्चालन गरेको एक पत्रिकाका पूर्वसम्पादक डेङ युवेनले सिएनएनलाई प्रतिक्रिया दिएका थिए । युवेन हाल अमेरिकामा बस्छन् ।

ग्याङ्गको चिनियाँ पत्रकार फुसियाओटिमनसँगको सम्बन्धको हल्ला चलेकाले उनी बेपत्ता हुनुमा यो पनि एक कारण हुन सक्ने अनुमान न्यूयोर्क टाइम्सले गरेको छ । चीनको सत्तारूढ कम्युनिस्ट पार्टीले आफ्नो कार्यकर्ताहरूलाई विवाहेत्तर सम्बन्धमा प्रतिबन्ध लगाएको छ । यसको अनुशासन विभागले वरिष्ठ अधिकारीहरूलाई भ्रष्टाचारको आरोप लगाउँदा प्रायः यस्तै सम्बन्धका विषयहरू निकाल्ने गरेको छ । चिनियाँ पत्रकारसँग ग्याङ्गको सम्बन्धका विषयमा प्रस्टयाउँदै विदेश मन्त्रालयका प्रवक्ताले यस विषयमा कुनै जानकारी नभएको जवाफ दिएका थिए । अमेरिकासँगको उनको निकटताका कारण पनि उनलाई नजरबन्दमा राखिएको हुन सक्ने अनुमान पनि गरिंदैछ । ग्याङ्गलाई चिनियाँ राजनीतिमा एक प्रभावशाली नेताको रूपमा लिइन्छ । करीब दुई वर्षभन्दा छोटो समयका लागि अमेरिकी राजदूतका रूपमा सेवा पुऱ्याएपछि उनी गत डिसेम्बरमा विदेशमन्त्री नियुक्त भएका थिए । उनले मन्त्रीको पद सम्हालेयता चीन–अमेरिका सम्बन्ध सुधार्ने प्रयास गर्दै आएका थिए । चीन–अमेरिका सम्बन्ध सुधार्न बेइजिङ आएका पूर्व अमेरिकी विदेशमन्त्री हेनरी किसिन्जरको चीन भ्रमण सकिए लगत्तै ग्याङ्गलाई पदमुक्त गरिएको छ ।

अनुभवी कूटनीतिज्ञका रूपमा काङ्गलाई गत वर्ष विदेशमन्त्री नियुक्त गरिंदा चिनियाँ राजनीतिक वर्गले आश्चर्य मानेको थियो । छोटो समयमा नै उनले विदेशमन्त्रीमा छलाङ्ग मारेको टिप्पणी भएको थियो । राष्ट्रपति सीको विश्वासपात्र भएका कारण उनको नियुक्ति सम्भव भएको अनुमान गरिएको थियो । उनलाई चिनियाँ कम्युनिस्ट पार्टीको उदीयमान नेता मानिएको थियो । सन् १९८० को उत्तरार्द्धदेखि उनले विदेश मामिलासम्बन्धी विभिन्न जिम्मेवारीमा रहेर काम गर्दै आएका थिए । उनी चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता पनि भएका थिए ।

छिनलाई राष्ट्रपति सी आफैंले अघि ल्याएका थिए । उनलाई केही समस्या छ भने त्यसको असर सीलाई पनि पर्छ । राष्ट्रपति सीले विदेशमन्त्रीमा सही व्यक्तिलाई छनोट गर्न नसकेको सन्देश पनि गएको टिप्पणी कम्युनिस्ट पार्टी पत्रिकाका पूर्वसम्पादक डेङ युवेनको रहेको छ । पुनः विदेशमन्त्री भएका वाङ यसअघि सन् २०१३ देखि २०२२ सम्म सोही जिम्मेवारीमा थिए । यो साता दक्षिण अफ्रिकामा भएको तीव्र आर्थिक विकास गरिरहेका ब्रिक्स देशहरूको सुरक्षा मामिलासम्बन्धी बैठकमा पनि सहभागी भएका थिए ।

चिनियाँ कम्युनिस्ट पार्टीको शासन भएको चीनमा राष्ट्रपतिको विरुद्धमा काम गर्नु भनेकै आफूलाई राजनीतिबाट बिदा गर्नु हो । कुनै समयमा चिनियाँ कम्युनिस्ट पार्टीको प्रभावशाली सदस्य तथा स्कूल विभागमा प्राध्यापक रहेका काई झिया वर्षौंदेखि अमेरिकामा निर्वासनसरह जीवन बिताइरहेका छन् । राष्ट्रपति सी जिनपिङको आलोचना गरेकै कारण उनी दूधबाट झिंगालाई निकालेर फालिएझैं फालिएका छन् । चिनियाँ कम्युनिस्ट पार्टीको २०औं काङ्ग्रेससभामा सी जिनपिङलाई चुनौती दिने सम्भावना रहेकाहरूलाई जरैबाट उखेल्ने काम भइसकेको छ । आफ्ना प्रतिद्वन्द्वीको राजनीतिक भविष्यलाई समाप्त पार्ने काम लोकतन्त्रवादी दलहरूमा पनि हुने गर्छ तर त्यहाँ बहुदलीय व्यवस्था भएका कारण व्यक्ति दल परिवर्तन गरी आफ्नो योग्यता र क्षमताको भरमा पुनः आफ्नो स्थान हासिल पनि गर्न सक्छन् तर निर्दलीय अथवा एक दलीय व्यवस्थामा यस्तो हुँदैन । सी जिनपिङअघिका दश वर्ष पार्टीका महासचिव र चीनको राष्ट्रपति रहेका र सबैले मानेका नेता हु जिन्ताओलाई काङ्ग्रेसको महाधिवेशनबाट जसरी निकालिएको थियो त्यो अति नै मार्मिक दृश्य थियो । उनको छेउमा नै राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री ली खछ्याङ पनि बसेका थिए । कसैले उनलाई अस्वस्थ भएकै कारण निकालिएको त कसैले सुनियोजितरूपमा निकालिएको टिप्पणी गरेका थिए । अब चीनले वाङ यीलाई नयाँ विदेशमन्त्रीको रूपमा नियुक्त गरिसकेको छ । यस्तो अवस्थामा काङ्को चर्चा पनि अब अर्थहीन हुँदै जानेछ किनभने चीनमा यो सामान्य घटना हो ।

> **चीनको सत्तारूढ कम्युनिस्ट पार्टीले आफ्नो कार्यकर्ताहरूलाई विवाहेत्तर सम्बन्धमा प्रतिबन्ध लगाएको छ । यसको अनुशासन विभागले वरिष्ठ अधिकारीहरूलाई भ्रष्टाचारको आरोप लगाउँदा प्रायः यस्तै सम्बन्धका विषयहरू निकाल्ने गरेको छ ।**

दृष्टिविहीनको प्याराग्लाइडिङ अनुभव : 'सपना देख्न आँखा होइन, हिम्मत चाहिन्छ, त्यो कहिल्यै अपाङ्गता हुँदैन'

कास्की, १६ साउन/रासस

साहसिक खेल प्याराग्लाइडिङ गरेर फेवाताल किनारमा उत्रिएपछि सुनीता दवाडीमा खुशीको सीमा थिएन । पहिलोपटक जीवनमा सोमवार दिउँसो प्याराग्लाइडिङ गरेको अनुभव उनले शब्दमा व्यक्त गर्न सकिरहेकी थिइनन् ।

शारीरिकरूपमा दृष्टिविहीन सुनीता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा टेलिफोन 'अपरेटर'को काम गर्छिन् । 'ब्लाइन्ड रक' संस्थाको सदस्यसमेत रहेकी उनी प्याराग्लाइडिङको अनुभवका लागि आइतवार दिउँसो पोखरा आएकी थिइन् ।

पोखरा आएसँगै उनमा प्याराग्लाइडिङ गर्न मौसमले साथ देला कि नदेला भन्ने चिन्ता थियो । जब बिहान उनी 'टेकअफ'का लागि मान्द्रेढुङ्गा पुगिन्, उनले त्यसपछि आफ्नो खुशी थाम्न सकिनन् । "प्याराग्लाइडिङमा उड्ने पहिलादेखिकै योजना थियो । कहिले उड्न पाइएला भन्ने लागेको थियो । जाने बेला सहज हुन्छ कि भन्न भनेर मनमा लागिरहेको थियो," उनले भने, "उडेर हावाको चापले माथि माथि जाँदा, दिशा परिवर्तन भएको अनुभव गर्न पाइयो । एकदमै रमाइलो लाग्यो ।"

दृष्टिविहीन सुनीता दवाडी । तस्वीरः रासस

पोखराको आकाशमा सुनीताजस्तै सोमवार दुई विदेशीसहित १० दृष्टिविहीनले हावामा कावा खाँदै प्याराग्लाइडिङ गरे । साहसिक खेल प्याराग्लाइडिङ गर्न जोकोही तत्कालै तयार हुँदैनन् । यसका लागि साहस चाहिन्छ, तर शारीरिकरूपमा फरक क्षमता भएका दृष्टिविहीनले समेत साहसिक खेलकूदको मज्जा लिए । दृष्टिविहीनलाई प्याराग्लाइडिङको अवसर भने 'ब्लाइन्ड रक्स' संस्थाले मिलाएको थियो । प्याराग्लाइडिङ गर्नेहरू एक/दुई जनाबाहेक सबैको पहिलो अनुभव थियो ।

बागलुङकी चाँदनी शर्मा पोखराको पृथ्वीनारायण क्याम्पसमा अध्ययन गर्छिन् । उनीसमेत प्याराग्लाइडिङ गरेपछि उत्साहित थिइन् । उनले कहिल्यै पनि हावामा कावा खाँदै रमाउने कल्पनासमेत गरेकी थिइनन् । उनले भनिन्, "आकाशमा उड्ने कहिल्यै कल्पनासमेत गरेकी थिइनँ, नयाँ अनुभव हासिल भयो, मनमा खुशीको सीमा नै छैन ।"

चाँदनीले दृष्टिविहीनलाई प्याराग्लाइडिङ गराउने भन्ने केही दिनदेखि नै थाहा पाएकी थिइन् । तर आफूले पाउँछु कि पाउँदिनँ भन्ने उनलाई थाहा थिएन । अघिल्लो दिन मात्र गर्न पाउने भन्ने उनले जानकारी पाइन् । उनले भनिन्, "मैले गर्ने भनेर सृष्टि दिदीबाट अघिल्लो दिन मात्र थाहा भयो ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

रेलबाट ड्राइपोर्ट आएको कोइला जाँचपास भएन

तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १६ साउन/ वीरगंज-२५ स्थित श्रीसिया सुक्खा बन्दरगाह कार्यालयमा एक महीनादेखि थुप्रिएको एक र्‍याक कोइलाको जाँचपास भएको छैन ।

भारतको झारखण्ड, धनबादबाट नेपालको लतिका कमोडिटी सप्लायर्स प्रालिले गत असार १६ गते भित्र्याएको ३६५० टन कोइला जाँचपास नभएर लुज कार्गो यार्डमा थुप्रिएको छ। सन्दर्भ मूल्यमा विवाद हुँदा आयातकर्ताले उक्त मालको जाँचपास नगराएको हो। आर्थिक मन्दीको कारण अन्तर्राष्ट्रिय बजारमा कोइलाको भाउ घट्दै गएर अहिले प्रतिटन भारु आठ हजारको हाराहारीमा पुगेको छ । तर भन्सार विभागले जारी गरेको सन्दर्भ मूल्य पुस्तिकामा कोइलाको मूल्य प्रतिटन भारु १२ हजारभन्दा घटीमा जाँचपास गर्न नमिल्ने भएकोले आयातकर्ताले जाँचपास गराउनुभन्दा सन्दर्भ मूल्यसूची संशोधनको लागि माथिल्लो निकायमा पहल गरिरहेको छ । जसको कारण ढिलाइ भइरहेको बुझिएको छ ।

लतिका कमोडिटी सप्लायर्स प्रालिका सञ्चालक निश्चल लालवानीका अनुसार भारु आठ हजार एक सय प्रतिमेट्रिक टनमा खरीद गरेको कोइला प्रतिटन भारु १२ हजारको दरमा मूल्याङ्कन गराइ पाँच प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूअकर जोड्दा कम्पनीलाई एउटा र्‍याकमा करीब नेरु एक करोड पाँच लाख ९० हजार (भारु ६६ लाख १८ हजार ८७०) घाटा पर्ने भएकोले मूल्य संशोधनको लागि भन्सार विभागका अधिकारीसँग आग्रह गरेको बताए ।

दुई करोड ८८ लाखको कोइला जाँचपासको लागि झन्डै एक करोड अधिक रकम तिर्नुपर्दा व्यापार घाटा बढ्ने र ओभर बिलिङ गर्न भारतका सप्लायर्सहरू पनि मानिरहेका छैनन् । जसले गर्दा निकै झन्झट हुने भन्दै मूल्य संशोधनको लागि अपील गरिएको उनले बताए ।

भन्सार विभागले समयसमयमा अन्तर्राष्ट्रिय बजारमा कुन सामानको मूल्य थपघट भइरहेको छ, त्यसैको आधारमा जाँचपास गर्न भन्सार विभागका महानिर्देशकको अध्यक्षतामा मूल्याङ्कन समिति हुन्छ । समितिले बैठक राखी सन्दर्भ मूल्यको विषयमा थपघट गर्न सक्छ तर केही महीनादेखि मूल्याङ्कन समितिको बैठक बसेको छैन, जसले गर्दा आठ महीनादेखि लगातार कोइलाको भाउ अन्तर्राष्ट्रिय बजारमा घटे तापनि पुरानै दरमा कोइला जाँचपास भइरहेको छ ।

यस विषयमा वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालले नेपाल सरकारको नीतिको कारण व्यवसायीहरूले दुःख र झन्झट खेप्नुपरेको बताए । उनले आठ हजार प्रतिटनको दरमा खरीद गरेको कोइला १२ हजारको दरमा जाँचपास गराउँदा एक टनमा मोटामोटी भारु दुई हजार २५१ थप कर तिर्नुपर्ने हुन्छ। थप करमा आयकर २५ प्रतिशत, थप भ्याट १३ प्रतिशत, थप आयकरमा जरिवाना गरी दुइ हजार २५१ पर्छ ।

उनले अर्कोतिर भारु १२ हजार प्रतिमेट्रिक टनको दरमा जाँचपास गराउँदा नेपाली बजारमा कोइलाको भारु १४ हजार ५३४ मा बिक्री गर्नुपर्छ भने भारु आठ हजार एक सयमा जाँचपास गराउँदा भारु नौ हजार ९०७ पर्ने हुँदा कोइलाबाट उत्पादित वस्तुको मूल्य पनि कम पर्ने उनको विश्लेषण छ। कोइला विशेषगरी सिमेन्टको कच्चा पदार्थ र इँटा पोल्नको लागि चिम्नीमा प्रयोग गरिन्छ। नेपालका व्यवसायीहरूले पहिले दक्षिण अफ्रिका, इन्डोनेशिया, रूसलगायतका देशबाट कोइला आयात गर्दै आएकामा हाल भारतीय कोइला सस्तो भएकोले भारतबाट आयात गरिरहेका छन् ।

पहिले रक्सौल रेलवे यार्डमा मालगाडीबाट कोइला ल्याएर अनलोड गरेपछि टिपरमा नेपाल ढुवानी गर्नुपर्ने बाध्यता थियो भने अहिले सोझै रेलमार्गबाट भारत तथा तेस्रो मुलुकबाट लुज कार्गो ल्याउन सकिने पूर्वाधार तयार भइसकेको छ ।

ड्राइपोर्ट भन्सार कार्यालयका प्रमुख डा रामप्रसाद मैनालीका अनुसार कोइला आयात गरेका व्यवसायीले घोषणा गर्न भन्सार कार्यालयमा नआएकाले जाँचपासमा ढिलाइ भएको बताए। उनले व्यवसायीले खरीद गरेको बिलको आधारमा सन्दर्भ मूल्यको विषयमा निर्णय गर्न सकिने बताए । साथै उनले सन्दर्भ मूल्य सच्याउन साउन महीनाको अन्तिम साता भन्सार विभागले गोष्ठी राखेको र त्यही बेला केही निर्णय आउन सक्ने उनले स्पष्ट गरे ।

रेलमार्गबाट कोइला नेपाल भित्र्याउँदा बाटोमा कोइला चोरी हुने र अन्य विलम्ब शुल्कको झन्झट खेप्नुपर्ने नेपाली व्यवसायीले मुक्ति पाएको ड्राइपोर्ट सञ्चालन गर्ने प्रिस्टिन भ्याली ड्राइपोर्टका प्रमुख अपरेशन अधिकृत अतुल शर्माले बताए ।

पिता परमेश्वरको नाममा गरिने कार्यक्रमले सर्वसाधारणलाई सास्ती

तस्वीरः फाइल

पटेर्वासुगौली गाउँपालिका-४ मा भएको कार्यक्रममा सहभागी र सवारी साधनको भीड । तस्वीरः प्रतीक

प्रस, सेढवा, १६ साउन/ पटेर्वासुगौली गाउँपालिका-४ भलुवाही खोलाको डिलमा पिता परमेश्वरको नाममा गरिने कार्यक्रमका कारण सर्वसाधारणहरूले समस्या भोग्नुपरेका गुनासाहरू छन् ।

स्थानीय विकास थारूले सो स्थानमा साताको शुक्रवार र मङ्गलवार आयोजना गर्दै आएको कार्यक्रमका कारण स्थानीयले समस्या झेल्नुपरेको छ । भलुवाही खोलाको पूर्वतिर रहेको बाँधसँगैको सिसौंघारीमा हुँदै आएको कार्यक्रममा नेपाल तथा छिमेकी मुलुक भारतका विभिन्न राज्यबाट सहभागी हुन आउनेहरू तथा तिनीहरूको सवारीसाधनका कारण समस्या उत्पन्न भइरहेको छ ।

साइकल, मोटरसाइकल, जीप, कार, ट्याक्टर, टेम्पो, मयुरीलगायत सवारीसाधनको पार्किङ व्यवस्थापन नहुँदा सो सडकखण्ड कार्यक्रमको दिन प्रायः बन्द हुने गरेको यात्रीहरूले गुनासा गरेका छन् । जिल्लाको थरुहट सडक, जनता सडक र पोखरिया-सोनवर्षा सडकखण्डको मिलन केन्द्र सोही स्थान हो ।

जीराभवानी गापा-३ का हरिन्द्र साहले गत मङ्गलवारको दिन अत्यधिक गर्मी, टन्टलापुर घाम र हावा नचलेको दिउँसो करीब डेढ बजे सो स्थानमा पुग्दा सवारी जाम भएको बताए। करीब अढाई घण्टाको जामपछि बाटो खुलेको साहले बताए। जसले गर्दा सो बाटो भएर यात्रा गर्ने यात्री निकै कठिनाइ भोग्नुपरेको साहको भनाइ छ ।

वीरगंजका व्यापारी महेश गुप्ताले गाडीमा सामान राखी गाउँतिर बेच्न जाने क्रममा सो सडकमा एक घण्टा जाममा बस्नुपरेको गुनासो गरे । अत्यधिक गर्मीका कारण पसिनाले निथ्रुक्कै भिजेकोले सो बाटो भएर जान बन्द गरेको गुप्ताको भनाइ छ ।

त्यस्तै, ठोरी गापाका नवीन थापाले अति आवश्यक कार्यका लागि चितवनबाट घर जाने क्रममा सो स्थानमा परेको जामले समयमा पुग्न नसकेको गुनासो गरे। झन्डै डेढ घण्टाको जामका कारण चितवनबाट आएको बेकम्मा भएको थापाले भने ।

सो स्थानमा एक दिनमा करीब तीन हजार मानिस आउने गरेको अनुमान गरिएको छ। जसका कारण सो स्थान फोहर भएर दुर्गन्धित हुँदै गएको छ । जथाभावी दिसापिसाब गर्ने, पानीका बोतल, प्लास्टिक, कागज तथा अन्य अनावश्यक पदार्थको उचित व्यवस्थापन नहुँदा फोहर बढ्दै गएको स्थानीयको भनाइ छ ।

पटेर्वासुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतोले देवीदेवता, भगवान् तथा ईश्वरको पाठपूजा गर्नु राम्रो कार्य भएको तर यसरी सडक तथा बाटोघाटो बन्द नै गरी कार्यक्रम आयोजना गर्नु गलत भएको बताइन्। बाटो जाम गरी यात्रीलाई दुःख दिनु, आकस्मिक बिरामी बोकेका एम्बुलेन्सलाई समेत बाटो नदिई बाटो छेक्नु गलत भएको उपाध्यक्ष महतोले बताइन् । बाटो नछेक्न तथा सरसफाइका लागि आयोजकसँग आग्रह गरिरहेको उपाध्यक्ष महतोले बताइन्।

सो कार्यक्रममा विभिन्न रोगबाट ग्रसित अधिकांश मानिस रोगबाट निको हुने विश्वाशले आउने गर्छन्।

२१ प्रतिशतले निकासी घट्यो

काठमाडौं, १६ साउन/रासस

सरकारले निर्यात प्रवर्द्धनका लागि सहजीकरण गरिरहेको भएपनि निर्यात लगातार घट्दो छ । आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल निकासीमा २१ दशमवल चार प्रतिशतले ह्रास आएको छ । गत आवमा रु एक खर्ब ५७ अर्बको वस्तु निकासी भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मङ्गलवारको बैठकमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनीले कुल पैठारीमा १६ दशमवल एक प्रतिशतले ह्रास आएको जानकारी दिए। गत आवमा रु १६ खर्ब ११ अर्बको वस्तु आयात भएको थियो। गत आवमा नेपालको कुल वैदेशिक व्यापारमा पनि गिरावट आएको छ । सो आवमा कुल रु १७ खर्ब ८६ अर्बको वैदेशिक व्यापार भएको छ। यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा १६ दशमलव छ प्रतिशतले कमी हो ।

“गत आवको प्रारम्भिक तथ्याङ्क अनुसार कुल व्यापारमा आठ दशमलव नौ प्रतिशत निकासी र ९१ प्रतिशत पैठारीको योगदान छ,” उनले भने, “समीक्षा अवधिमा नेपालको कुल निकासी २१ दशमलव चार प्रतिशतले ह्रास आएको छ ।”

आव २०७८/७९ मा निकारी पैठारी व्यापारको अनुपात १:९.६ रहेकामा गत आवमा सो अनुपात १:१० पुगेको सचिव मरासिनीले जानकारी दिए । उनले व्यापार सन्तुलनका लागि व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना, २०७९ र नेपाल व्यापार एकीकृत रणनीति, २०८० को कार्यान्वयनका लागि सरोकारवाला निकायका सचिवसँग छलफल गरिएको बताए। उद्योगमन्त्रीको अध्यक्षतामा बोर्ड अफ ट्रेडको बैठक सम्पन्न भई नेपालको निर्यात व्यापार प्रवर्द्धनका सम्बन्धमा महत्त्वपूर्ण निर्णय भएको उनले जानकारी दिए ।

फेवातालः वर्षात्पछि मङ्गलवार खुलेको मौसममा देखिएको पोखरास्थित फेवाताल । तस्बिरः रामबहादुर थापा/रासस

हेटौंडा औद्योगिक क्षेत्रमा १०५ वटा उद्योग सञ्चालनमा

मकवानपुर, १६ साउन/रासस

मकवानपुरको हेटौंडा औद्योगिक क्षेत्रमा अहिले दैनिक १०५ वटा विभिन्न प्रकारका उद्योग सञ्चालित छन् ।

उक्त औद्योगिक क्षेत्रमा स्थापना भएको हेटौंडा कपडा उद्योगसहित नौवटा उद्योग आर्थिक सङ्कटका कारण केही वर्षअघिदेखि बन्द रहेका हेटौंडा औद्योगिक क्षेत्रले जनाएको छ ।

सो क्षेत्रको परिसरभित्र विभिन्न प्रकारका गरी १९ वटा उद्योग निर्माणाधीन अवस्थामा छन् । ती उद्योगमध्ये सातवटा उद्योगले आगामी चैत मसान्तभित्रै आआफ्नो उत्पादन शुरू गर्ने लक्ष्यका साथ निर्माण कार्यलाई तीव्रता दिएको औद्योगिक क्षेत्र व्यवस्थापन समितिले जनाएको छ ।

यसैगरी, सो औद्योगिक क्षेत्रमा अहिले खाद्य उद्योग, युनाइटेड ब्रुअरी (पेय पदार्थ), गोर्खा ब्रुअरी कम्पनी, एशियन पेन्ट्स, पशु आहारा दाना उद्योग, कार्टुन उद्योग प्रमुख रहेका छन् ।

यस्तै, उक्त परिसरमा सरकारको स्वामित्वमा रहेको हेटौंडा दुग्ध वितरण आयोजना, प्रदेश खाद्य तथा गुण नियन्त्रण कार्यालय, प्रदेश बीउबिजन कम्पनी, प्रदेश माटो परीक्षण कार्यालय, इलाका प्रहरी कार्यालय र नेपाल बैंक लिमिटेड, हेटौंडा शाखालगायतका कम्पनी सञ्चालनमा रहँदै आएका हेटौंडा औद्योगिक क्षेत्रका प्रबन्धक भोजराज विनाडीले जानकारी दिए ।

हाल औद्योगिक क्षेत्रमा सञ्चालित विभिन्न उद्योगबाट प्रत्यक्ष र अप्रत्यक्ष गरी करीब ११ हजारजनाले रोजगारको अवसर प्राप्त गरेका छन् ।

उनले नेपाल सरकारद्वारा स्थापना गरिएको हेटौंडाको मयुरधापमा स्थापित नयाँ औद्योगिक क्षेत्रमा चालू आर्थिक वर्ष २०८०/८१ भित्रै नयाँ उद्योग स्थापना गर्ने क्रममा सम्बन्धित उद्योग व्यवस्थापनको मागबमोजिम जग्गा उपलब्ध गराउनेतर्फ प्रक्रिया शुरू भइरहेको बताए ।

तत्कालीन श्री ५ को सरकारले विसं २०२० मङ्सिरमा हेटौंडामा औद्योगिक क्षेत्रको स्थापना गरेको थियो। हाल उक्त औद्योगिक क्षेत्रभित्र करीब ९५५ रोपनी जग्गा नयाँ उद्योग स्थापनाका लागि राखिएको र नयाँ उद्योगले जग्गाप्राप्तिको लागि निवेदन दिँदै आएका पनि प्रबन्धक विनाडीले जानकारी दिए ।

नेप्से परिसूचक २८ दशमलव ५९ अङ्कले घट्यो

काठमाडौं, १६ साउन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक उच्च अङ्कले घटेको छ । आजको कारोबारमा नेप्से परिसूचक २८ दशमलव ५९ अङ्कले घटेर दुई हजार ७७ दशमलव ५८ को बिन्दुमा कायम भएको हो ।

नेप्सेका अनुसार मङ्गलवार विभिन्न २६२ कम्पनीका ६० लाख १५ हजार ६७ कित्ता शेयर ४० हजार ८३७ पटक खरीद-बिक्री हुँदा रु एक अर्ब ९२ करोड ४४ लाख ३४ हजार नौ सय बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०५ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक २७४ दशमलव ६४ र जीवन बीमा समूहको उपसूचक २२२ दशमलव ५३ अङ्कले घटेका छन् । बैंकिङ समूह १२ दशमलव २३, विकास बैंक ७६ दशमलव २५, वित्त ४५ दशमलव ०९, होटल तथा पर्यटन १२३, जलविद्युत् २९ दशमलव ९६, लगानी शून्य दशमलव ७१ र उत्पादन तथा प्रशोधन समूह ७६ दशमलव ७७ अङ्कले घटेका छन् ।

त्यस्तै, लघुवित्त ५४ दशमलव ०९, व्यापार ४४ दशमलव ८३ र अन्य समूह १५ दशमलव १९ अङ्कले घटेका छन् । आजको कारोबारबाट सुपरमादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ६० प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५४ प्रतिशतले घटेको छ ।

छ महीनासम्म शिशुलाई आमाको दूध मात्र खुवाउनू

काठमाडौं, १६ साउन/रासस

नेपालसहित विश्वभरि नै मङ्गलवारदेखि 'विश्व स्तनपान सप्ताह' मनाउन थालिएको छ । 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाको प्रतिबद्धता' मूल नाराका साथ उक्त सप्ताह मनाउन थालिएको हो ।

काममा फर्किनुपर्ने कारणले स्तनपानलाई निरन्तरता दिन र नियमित बनाउन स्तनपान गराउने आमाले चुनौती बेहोर्दै आउनुपरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यस्थलमा स्तनपानका लागि सहज वातावरण बनाइदिनु सम्बन्धित सबैको जिम्मेवारी रहेको जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले शिशु जन्मिएपछि जतिसक्दो चाँडो (एक घण्टाभित्र) आमाको दूध खुवाउन आमालाई आग्रह गरिएको बताए। उनका अनुसार शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्त्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि छ महीना पूरा नभएसम्म आमाको दूध मात्र खुवाउनुपर्छ ।

नेपालमा अझै पनि ४५ प्रतिशत शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान नगराइएको पाइएको छ । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को प्रतिवेदनमा ५५ प्रतिशत शिशुलाई मात्र जन्मेको एक घण्टाभित्र स्तनपान गराइएको छ। दश शिशुमध्ये छजनालाई जन्मेपछि पहिलो दुई दिनसम्म पूर्ण स्तनपान गराइएको पाइएको छ ।

तस्वीरः सौजन्य

परोपकार स्त्री तथा प्रसूति रोग अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले तुलनात्मकरूपमा आमाले शिशुलाई स्तनपान गराउनेको सङ्ख्यामा कमी आएको बताए । उनले बढ्दो शहरीकरण र कार्यालयमा महिलाहरू व्यस्त हुने गरेकाले शिशुले पर्याप्त मात्रामा स्तनपान गर्न नपाएको उल्लेख गरे ।

"एक त स्तन बिग्रिन्छ भनेर धेरै आमाले शिशुलाई स्तनपान नगराउने पाइएको छ," निर्देशक डा अधिकारीले भने, "अर्को कुरा धेरै आमाले काम गर्नुपर्ने भएकाले उक्त समयमा शिशुलाई स्तनपान गराउन पाउँदैनन् ।" आमाको दूधले शिशुलाई विभिन्न रोगसँग लड्न सक्ने क्षमता बढाउने गरेको उनको भनाइ थियो । सन् २०२२ को प्रतिवेदनमा नेपालमा छ महीनाभन्दा मुनिका ५६ प्रतिशत शिशुलाई पूर्णरूपमा स्तनपान गराइएको छ ।

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदनमा ६६ प्रतिशतले शिशुलाई जन्मेको छ महीनाभित्रसम्म स्तनपान गराइएको उल्लेख गरिएको थियो ।

अस्पतालका प्रमुख बालरोग विशेषज्ञ डा कल्पना उपाध्याय सुवेदीले सन् २०१६ को तुलनामा २०२२ मा छ महीनासम्म शिशुलाई स्तनपान गराइएको बताइन् । उनले कार्यस्थलमा नै शिशुलाई स्तनकक्षको अभाव र धेरैजसो महिला जागीरे भएकाले विगतभन्दा १० प्रतिशत कम शिशुलाई स्तनपान गराइएको उल्लेख गरिन् ।

"आजकाल आमाहरू पनि धेरैजसो जागीर गर्न थाल्नुभयो । अर्को कुरा विभिन्न बाहिरी दूधको प्रयोग बढेर पनि स्तनपान घटेको हो," डा उपाध्याय सुवेदीले भनिन् ।

उनले आमालाई स्तनपान गराउनका लागि जनचेतना जगाउनाका साथै कार्यालयमा स्तनपान कक्षको व्यवस्था गर्नुपर्नेमा जोड दिइन् । स्तनपानबाट बच्चामा उच्च रक्तचाप, मधुमेहजस्ता रोग लाग्नबाट बचाउनाका साथै आमालाई रक्तस्राव कम, डिप्रेसनका साथै डिम्बाशय तथा स्तन क्यान्सरबाट बचाउन मदत गर्ने बताइन् ।

शिशुलाई कुपोषणबाट जोगाउनका लागि निरन्तर छ महीना स्तनपान गराउनुपर्छ । यस्तै, शिशुलाई जन्मेदेखि छ महीना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउने, छ महीना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तीमा दुई वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्छ ।

चिकित्सकको सल्लाहविना शिशुलाई आमाको दूधबाहेक अन्य कुनै किसिमको दूध नखुवाउन र दूधदानीको प्रयोग नगर्न पनि अनुरोध गरिएको छ । आमाको दूध शिशुका लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमता बढाउने गर्छ र स्तनपानले महिलाहरूमा स्तन क्यान्सर हुने जोखिमलाई पनि कम गराउन मदत गर्छ। आजदेखि यही साउन २२ गतेसम्म सप्ताहव्यापी कार्यक्रम गरी दिवस मनाउन शुरू भएको छ ।

विश्व बैंकले सहयोगलाई निरन्तरता दिने

काठमाडौं, १६ साउन/रासस

नेपालको स्वास्थ्य प्रणालीको सुधारका लागि विश्व बैंकले आफ्नो सहयोगलाई निरन्तरता दिने भएको छ। विश्व बैंकका देशीय निर्देशक फारिस हादाद जेरभोसले मङ्गलवार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतसँग भेटवार्ता गरी उक्त प्रतिबद्धता जनाएका हुन् ।

THE WORLD BANK
IBRD • IDA | WORLD BANK GROUP
तस्वीरः फाइल

सो अवसरमा स्वास्थ्यमन्त्री बस्नेतले नेपालको स्वास्थ्यलगायत क्षेत्रमा विश्व बैंकले गरिरहेको विभिन्न सहयोगको सराहना गर्दै आगामी दिनमा थप आर्थिक तथा प्राविधिक सहयोग गर्न आग्रह गरे । विश्व बैंकका देशीय निर्देशक जेरभोसले स्वास्थ्य क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेकामा आगामी पाँच वर्षका लागि स्वास्थ्य क्षेत्रमा सहयोग गर्न एक सय मिलियन डलर ऋण सहायता तथा तीन दशमलव ८४ मिलियन ग्रान्ड दिने र उक्त विषय मन्त्रिपरिषद्बाट स्वीकृत गर्ने क्रममा रहेको जानकारी गराए ।

निर्देशक जेरभोसले नेपालको स्वास्थ्य प्रणाली सुधारका लागि विश्व बैंकले सहकार्य गर्न पाउँदा खुशी व्यक्त गर्दै कोभिड–१९ महामारीको बेलाजस्तै अन्य महामारी तथा स्वास्थ्य क्षेत्रको गुणस्तर अभिवृद्धिका लागि सहयोग निरन्तर जारी रहने विश्वास व्यक्त गरे ।

विश्व बैंकले कोभिड–१९ महामारीका बेला पनि विभिन्न सहयोग गरेको थियो। विशेषगरी कोभिड–१९ विरुद्धको खोप अनुदानको रूपमा स्वास्थ्य मन्त्रालयलाई दिएको थियो । मन्त्री बस्नेतले कोभिड–१९ महामारीका बेला विश्व बैंकबाट प्राप्त सहयोग रकम केही बचेको र उक्त रकम स्वास्थ्य मन्त्रालयले नै खर्च गर्नेगरी आवश्यक प्रक्रिया अघि बढाइएको जानकारी दिए । कोरोनाका बेला खर्च गर्न उपलब्ध भएकोमध्ये बचेको रकम अर्थ मन्त्रालयमा पठाइएको थियो । उक्त रकम स्वास्थ्य मन्त्रालयले नै खर्च गरोस् भन्ने विश्व बैंकको धारणा रहेको मन्त्री बस्नेतले जानकारी दिए ।

"विश्व बैंकको पनि बचेको पैसा स्वास्थ्य मन्त्रालयले खर्च गरोस् भन्ने छ। यसबारे प्रक्रिया अगाडि बढाइएको छ," उनले भने । अहिले डेङ्गुलगायतका महामारी फैलन सक्ने सम्भावना रहेको र अन्य क्षेत्रमा पनि खर्च गर्नुपर्ने भएकाले उक्त रकम मन्त्रालयमैं ल्याउन लागिएको मन्त्री बस्नेतको भनाइ छ । उनका अनुसार कोरोना महामारीको समयमा खर्च गर्नका लागि आएकोमध्ये बचेको रकम करीब रु एक अर्ब रहेको छ ।

मन्त्रालयको बजेटको आकार घटेको छ । अहिले २० प्रतिशत बजेट कटौती भएको छ । सुर्तीजन्य पदार्थमा उठेको वार्षिक रु छ अर्बमध्ये रु ४० करोड मात्रै मन्त्रालयले पाएको मन्त्री बस्नेतले बताए । उनले भने, "सुर्तीजन्य पदार्थको उठेको रकम पनि अर्थ मन्त्रालयमा रहेको र अर्कोतर्फ कोरोनाका बेलामा खर्च गर्ने भनेर प्राप्त भएको पैसा पनि अर्थमैं पुगेको छ । कर्मचारी अभावले दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी पुऱ्याउन नसकिरहेको अवस्थामा थप दरबन्दी सिर्जना गर्नका लागि सो रकम खर्च होस् भन्ने हो ।"

मन्त्री बस्नेतले स्वास्थ्य रणनीति र वित्त रणनीति पास भएर काम गर्ने वातावरण बनेको उल्लेख गर्दै यसमा जति पैसा हुन सक्छ, सोही अनुसारको रणनीतिक कार्ययोजना अघि बढाइने उल्लेख गरे । स्वास्थ्य मन्त्रालयले उक्त रकम खर्च गर्नका लागि अर्थ मन्त्रालयमा आवश्यक प्रक्रिया अगाडि बढाएको र यो छिट्टै मन्त्रिपरिषद्बाट पारित हुने मन्त्रालयले बताएको छ ।


पौडी खेल्दै बालक : म्याग्दीको बेनी नगरपालिका–३ मा पर्ने दूधेखोलामा पौडी खेलेर गर्मी छल्ने प्रयास गर्दै बालकहरू । तस्वीरः रासस

फरक समाचार

आइफ्लूमा आई ड्रपले काम गर्छ ?

भारतलगायत अहिले वीरगंजमा पनि धेरैलाई आइफ्लू सङ्क्रमण बढेको छ। विशेषगरी स्कूले विद्यार्थीहरूमा आँखाको सङ्क्रमण बढेको छ । भारतमा आइफ्लू सङ्क्रमण बढेपछि उपचारको नयाँ तरीका पनि खोजिँदैछ । त्यहाँका मेडिकल स्टोरमा आई ड्रपको माग बढेको छ ।

दिल्लीस्थित सर गङ्गाराम हस्पिटलमा आँखा विभागमा एचओडी प्राडा एके ग्रोवरले आइफ्लू रोग एडिनोभाइरसबाट फैलिरहेको बताएका छन् । यस भाइरसको टाइप आरएनए हो। यस प्रकारको भाइरसबाट कुनै औषधि वा आई ड्रपले बचाउन सक्दैन । त्यस कारण विनाकारण आई ड्रप प्रयोग गर्नुहुँदैन । उनले भने, यतिबेला आँखामा सङ्क्रमण भएपछि अस्पतालमा बिरामीहरू बढेका छन् । कसैकसैले घरमैं आँखामा आई ड्रप लगाउँदैछन्, यस्तो गर्नुहुँदैन किनभने यस्ता आई ड्रपले आँखामा नोक्सान पुऱ्याउन सक्छ । आँखामा कुनै प्रकारको इन्फेक्शन हुने सम्भावना रहन्छ ।

डा ग्रोवरले आरएनए भाइरसबाट हुने रोग रोक्नको लागि कुनै प्रकारको औषधि काम गरिरहेको छैन किनभने आइफ्लूको सङ्क्रमण आरएनए भाइरसको कारणले हुन्छ, यसैले यसमाथि कुनै औषधिको प्रभाव पर्दैन। यद्यपि आइफ्लूको भाइरस डिएनए टाइपको छ भने रोकथामको लागि आई ड्रप वा औषधि प्रयोग गर्न सकिन्छ । तर अहिले कुनै पनि प्रकारको आई ड्रप लगाउन नहुने उनको सुझाव छ ।

एम्समा आरपी सेन्टरका प्रमुख डा जेएस तितियालले भने आइफ्लूको सङ्क्रमण एडिनोभाइरसको कारणले फैलिरहेको छ । अस्पतालमा आउने सयमध्ये ८० जना सङ्क्रमितमा एडिनोभाइरस भेटिएको छ । बचावको लागि कुनै औषधि वा घरेलु उपचारमाथि निर्भर नहुन उनले सुझाव दिएका छन् । आँखामा जलन हुने, रातो हुने भएपछि आफैंले उपचार गर्नुहुँदैन । चिकित्सकको सल्लाह लिने र अस्पतालमा उपचारको लागि जानुपर्छ ।

मारेंगो एशिया हस्पिटलमा नेत्रविज्ञान विभागका डा निखिल सेठले आइफ्लूबाट बचावको लागि केही सुझाव दिएका छन् । आइफ्लूबाट बच्न हैन्ड हाइजिन (नियमितरूपले हात धुने) गर्नुपर्छ । आँखालाई छुनुहुँदैन, घरको ढोकाको हैन्डल, लाइट स्विच र इलेक्ट्रोनिक्स ग्याजेट नियमितरूपले सरसफाइ गर्नुपर्छ । कन्टेन्ट लेन्स सफा राख्ने, सन्तुलित आहार र नियमित व्यायाम गर्न सल्लाह दिएका छन् ।

होमियोपैथीको औषधिसँगै यी कुरा खानुहुँदैन

आज पनि धेरैजनाले रोगको उपचारको लागि एलोपैथिकभन्दा होमियोपैथिक औषधिको सहारा लिन्छन् । व्यस्त दिनचर्या र गलत खानपानको कारण धेरै रोग लाग्छ र त्यसपछि हामीले एलोपैथिक औषधि खान्छौं । एलोपैथी औषधिले तुरुन्त राहत दिए पनि बिमारी जडदेखि नष्ट हुँदैन र रोग पटक–पटक जन्मिन्छ । केही रोगको लागि होमियोपैथी रामबाण उपचार हुन्छ । नियम अनुसार होमियोपैथी औषधिसेवन गर्नुहुन्छ भने रोग जडदेखि नै नष्ट हुन्छ ।

जो व्यक्तिले रक्सी, गुटखा, धूम्रपान सेवन गर्दैनन् र स्वस्थ जीवनशैली अपनाउँछन्, उनीहरूमा होमियोपैथी औषधिको राम्रो नतीजा देखिएको छ । होमियोपैथी औषधि सेवन गर्दा केही विशेष नियम हुन्छन् । औषधि सेवन गरेपछि औषधिको कन्टेनर तुरुन्तै बन्द गर्नुपर्छ । औषधिलाई घाममा राख्नुहुँदैन, चीसो ठाउँमा राख्नुपर्छ । विद्युतीय उपकरणभन्दा टाढा राख्नुपर्छ । औषधिको बोतल खुला राख्नुहुँदैन । होमियोपैथी औषधि कहिल्यै हातमा राखेर खानुहुँदैन, बिर्कोमा राखेर खानुपर्छ । औषधि खाएको १० मिनेटसम्म केही खानुहुँदैन, ब्रस पनि गर्नुहुँदैन । चिया–कफी र अमिलो खानेकुरा खानुहुँदैन । होमियोपैथी औषधिलाई सधैं जिब्रोको तल थिचेर चुस्नुपर्छ । – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

खाली पेट लसुन खाएपछि के हुन्छ ?


पुरुषमा हार्मोनको स्तरलाई ठीक राख्छ
इन्फेक्शनबाट बचाउँछ
शरीरबाट विषाक्त पदार्थ बाहिर फाल्छ
हाडको स्वास्थ्य सुधार्छ
रुघाखोकीबाट बचाउँछ
कोलेस्ट्रोल घटाउँछ हृदयघातबाट बचाउँछ
पाचन प्रक्रियालाई सुधार्छ ।

अन्तर्राष्ट्रिय समाचार

महाराष्ट्रको थानेमा क्रेन भाँच्चिंदा १७ जना मजदूर मारिए

घटनास्थलमा उद्धार गर्दै भारतको एनडिआरएफका जवानहरू । तस्वीरः एएनआई

थाने (महाराष्ट्र), १६ साउन/एएनआई

महाराष्ट्रको थानेमा भारी यन्त्रलगायत निर्माण सामग्री उठाउन प्रयोग हुने क्रेन भाचिंदा १७ जना मजदूरको मृत्यु भएको छ ।

थाने जिल्लाको शाहपुरनजीक समृद्धि द्रुतमार्गको तेस्रो चरणको निर्माणको क्रममा पुलको स्ल्याबमा क्रेन खस्दा १७ जनाले ज्यान गुमाएका तथा अन्य तीनजना गम्भीर घाइते भएका उद्धारमा संलग्न एक अधिकारीले एएनआईलाई बताए। दुर्घटना गएराति डेढ बजे भएको हो ।

महाराष्ट्रका मुख्यमन्त्री एकनाथ सिन्देले दुर्घटनाको जाँचबुझ गर्न निर्देशन दिएका छन्। उनले मृतकका परिवारलाई राहतस्वरूप रु पाँच लाख प्रदान गर्ने घोषणा गरेका छन्। स्वीट्जरल्यान्डको एउटा कम्पनीले द्रुतमार्ग निर्माण गरिरहेको छ ।

दुर्घटनास्थलमा राष्ट्रिय विपद् व्यवस्थापन कार्यालयका कर्मचारी खोज तथा उद्धारमा जुटेका छन् । दुर्घटनाका बेला त्यहाँ ३० जना मजदूर काम गरिरहेका प्रत्यक्षदर्शीले बताएका छन् । तीव्र गतिमा भग्नावशेष पन्छाउने र हराएकाको खोजी भइरहेको छ ।

यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाबाट आफू स्तब्ध भएको बताउँदै मृतकका परिवारजनमा समवेदना एवं सहानुभूति व्यक्त गरेका छन्। साथै उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् ।

प्रधानमन्त्री मोदीले प्रधानमन्त्री सहायता कोषबाट मृतकका परिवारलाई जनही रु दुई लाख अनुदान सहयोग उपलब्ध गराउने तथा प्रत्येक घाइतेलाई रु ५० हजार प्रदान गर्ने घोषणा पनि गरेका छन् । रासस

सधैं मागेर निर्वाह हुँदैनः पाकिस्तानी सेनाप्रमुख

इस्लामाबाद, १६ साउन/एएनआई

पाकिस्तानी सेना प्रमुख सैयद असीम मुनीरले चरम आर्थिक सङ्कट झेलिरहेको आफ्नो मुलुक आत्मनिर्भर बन्न अतिआवश्यक भएको बताएका छन् । साथै उनले सधैं मागेर निर्वाह नहुने बताएका छन् ।

पाकिस्तानको सर्वकालीन मित्र चीनबाट अर्को ऋण प्राप्त हुन लागेका बेला सैन्यप्रमुख मुनीरको यो भनाइ सार्वजनिक भएको हो । पाकिस्तानले हालै अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)बाट पनि केही ऋण प्राप्तिको सुनिश्चितता गरेको छ ।

सोमवार खानीवाल मोडल कृषि फार्मको उद्घाटन समारोहमा पाकिस्तानका सेनाप्रमुख मुनीरले पाकिस्तानीहरू देशको गर्व, जोश र जाँगर भएका प्रतिभाशाली नागरिकको देश हो, अब हामीले 'भिखारीको कचौरा फालेर' आत्मनिर्भर हुनैपर्छ भने। सहयोग मागेर मात्र निर्वाह नहुनेमा जोड दिंदै उनले भिक्षा माग्ने कचौरा फाल्नुपर्ने बताएका हुन् । सुरक्षा र अर्थतन्त्र एकअर्कासँग गाँसिएका र अपरिहार्य रहेका उल्लेख गर्दै उनले ईश्वरको आशीर्वाद पाएको पाकिस्तानलाई संसारको कुनै पनि शक्तिले प्रगति गर्नबाट रोक्न नसक्ने बताए । साना किसान लाभान्वित हुनेगरी हरित क्रान्तिसँगै कृषि क्रान्ति अपरिहार्य भएको उनको कथन थियो ।

पाकिस्तानी प्रधानमन्त्री शहबाज शरीफले हालै दिएको जानकारी अनुसार चीनबाट पाकिस्तानले ६० अर्ब अमेरिकी डलर अतिरिक्त ऋण प्राप्त गर्दैछ । आइएमएफबाट पनि पर्याप्त रकम ऋणस्वरूप प्राप्त हुँदैछ । नौ महीनामा सुधारका समग्र कार्यक्रम कार्यान्वयन गर्नुपर्ने शर्तका साथ तीन अर्ब अमेरिकी डलरको प्याकेज उक्त वित्तीय संस्थाबाट प्राप्त हुँदैछ ।

यो वर्षको जुलाईसम्ममा पाकिस्तान सरकारको ऋण दुई अर्ब ४४ करोड अमेरिकी डलर पुगेको छ भने चीनसँगको २.०७ अर्ब अमेरिकी डलर छ । रासस

शरणार्थी शिविरमा झडप, ११ जनाको मृत्यु

बेरुत, १६ साउन/एएनआई

दक्षिणी लेबनानमा रहेको प्यालेस्टिनी शरणार्थी शिविरमा सोमवार लगातार तेस्रो दिन पनि झडप भएको छ। प्रतिद्वन्द्वी गुटहरूबीच भएको हिंसात्मक झडपमा ११ जनाको मृत्यु भएको छ ।

लेबनानको सरकारी सञ्चारमाध्यमका अनुसार देशको सबैभन्दा ठूलो प्यालेस्टिनी शरणार्थी शिविर इन अल-हिल्वेहमा एउटा प्यालेस्टिनी गिरोह जन्द अल-शाम सङ्गठनले शनिवार फताह गुटका एकजना वरिष्ठ सदस्य र उनका चार अङ्गरक्षकको हत्या गरेको छ ।

जन्द अल-शाम र फताह नामक इस्लामवादी सङ्गठनबीचको द्वन्द्वले आइन अल-हिल्वेहमा तनाव बढेको शिविर नजीकैको एक निजी अस्पतालका प्रशासक रियाद अबो एलेइनले बताएका छन् । शिविरभित्रबाट गोलाबारीको आवाज आउन बन्द भएको छैन ।

प्यालेस्टाइनको राष्ट्रिय एकतातर्फ अघि बढ्ने प्रयासमा फताह र हमास जस्ता प्यालेस्टाइनका विरोधी सङ्गठनहरू इजिप्टमा मेलमिलाप वार्ताका लागि भेला भएपनि गाजा क्षेत्रमा शासन गर्ने इस्लामवादी सङ्गठन हमासले सन् २००७ मा प्यालेस्टिनी प्राधिकरणबाट तटीय क्षेत्र कब्जा गरेदेखि हिंसात्मक झडप रोकिएका छैनन् ।

सन् २०१७ मा प्रतिद्वन्द्वी गुटहरूबीचको द्वन्द्व रोक्न धेरै प्रयास भएपनि फताह र इस्लामवादी समूहहरूबीच धेरै महीनादेखि निरन्तर लडाइँ भए भने त्यसमा परी २० जनाले ज्यान गुमाउनुका साथै दर्जनौं घाइते भएका थिए । प्यालेस्टिनी समूहले नै शिविरको सुरक्षा गर्ने भएकोले त्यहाँ लेबनानका सुरक्षाकर्मीको कुनै भूमिका हुँदैन ।

आजको राशिफल

मेष	सफलता	वृष	राज्यलाभ
मिथुन	रोगभय	कर्कट	व्यापारवृद्धि
सिंह	कडाश्रम	कन्या	सुसमाचार
तुला	भयचिन्ता	वृश्चिक	मित्रमिलन
धनु	अतिथिआगमन	मकर	सुयश
कुम्भ	खर्चवृद्धि	मीन	धनलाभ

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


वीरगंज-३० लालपर्सामा खेतीयोग्य जग्गा डुबानमा परेपछि काबेरी एग्जिमको कलभर्ट तोडेर पानी निकास गरेपछि खेतीयोग्य जमीन डुबानमुक्त भएको छ । तस्वीरः नितेश कर्ण

किसानलाई दुई बोरा मल ल्याउन दिन निर्देशन

काठमाडौं, १६ साउन/रासस

अर्थ समितिले किसानलाई दुई बोरा रासायनिक मल ल्याउँदा भन्सार बिन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउने अर्थ मन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिएको छ। साथै सो जानकारी समितिलाई दिनेसमेत समितिले निर्देशन दिएको छ ।

रासायनिक मलको माग तथा आपूर्ति व्यवस्थापनबारे अर्थ समितिमा गत असार २१ गते र हिजो छलफल भएको थियो ।

“किसानको समस्यालाई मध्यनजर गरी गैरव्यापारिक निजी प्रयोजनका लागि दुई बोरा किसानले मल ल्याउँदा भन्सार बिन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउन अर्थ मन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिने र सोको जानकारी समितिलाई दिने” अर्थ समितिको निर्देशनमा भनिएको छ ।

मुख्यगरी भारतबाट भन्सार छलेर अवैधरूपमा रासायनिक मल आउने गरेको, कालोबजारी हुने गरेको र यस्तो मलको गुणस्तरको प्रत्याभूमिसमेत नहुने समस्या देखिँदै आएको छ ।

किसानले भन्सार तिरेर आफैं मल ल्याउँदा यस्तो समस्या नरहने समितिको बुझाइ छ। किसानले हरेक वर्ष रासायनिक मल अभावको समस्या भोग्ने गरेकाले यसको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

मलको माग तथा आपूर्तिको तथ्याङ्क यकीन गर्न र वैकल्पिक व्यवस्थाका लागि जैविक मल प्रयोगका लागि राष्ट्रिय रणनीति तयार पार्न पनि समितिले निर्देशन दिएको छ ।

“मलको माग र आपूर्तिमा ठूलो फरक देखिएकाले यथार्थ तथ्याङ्क यकीन गरी माग र आपूर्तिबीच देखिएको फरकको पूर्ति गर्न अर्थ मन्त्रालयसँग समन्वय गरी कार्ययोजना बनाइ लागू गर्न र समितिमा सो कार्ययोजना पेश गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ,” समितिको निर्देशनमा भनिएको छ ।

समितिले रासायनिक मलको विकल्पका रूपमा जैविक र प्राङ्गारिक मलको आपूर्ति, व्यवस्था र प्रयोग सम्बन्धमा अन्य निकायसँगको आवश्यक समन्वयमा राष्ट्रिय रणनीति तयार पारी कार्यान्वयन गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको हो ।

सरकारी गोदाममा मल रहे पनि वितरणमा समस्या भई किसानले मल नपाएको विषयबारे पनि अर्थ समितिका अघिल्ला बैठकमा छलफल भएको थियो ।

(बाँकी अन्तिम पातामा)

गोलबजारमा युवकको शव फेला

लहान, १६ साउन/रासस

सिराहाको गोलबजारमा करीब २५ वर्षीय एक युवकको शव फेला परेको छ। गोलबजार नगरपालिका-२ गागन खोलाको पश्चिम किनारमा मङ्गलवार बिहान युवकको शव फेला परेको प्रहरीले जनाएको छ ।

गागन खोला किनारको झाडीमा शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए। शवको प्रकृति हेर्दा युवकको हत्या गरी फालिएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। टाउकोमा चोट लागेको र घाँटीमा गम्छा बाँधिएको अवस्थामा शव भेटिएकोले हत्या भएको हुन सक्ने इलाका प्रहरी कार्यालय, गोलबजारले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रनाउ रवीन्द्रराज पाण्डेले भने, “अन्यत्र कतै हत्या गरी शव झाडीमा फालिएको हो कि भन्ने शङ्का छ। प्रहरीले घटनाको सम्बन्धमा अनुसन्धान शुरू गरिसकेको छ ।”

गौर हत्याकाण्डः परिवारद्वारा चौथो दिन पनि धर्ना जारी

प्रस, रौतहट, १६ साउन/

गौर हत्याकाण्डको छानबीनको माग गर्दै पीडित परिवार मङ्गलवार चौथो दिन पनि धर्नामा बसेका छन् ।

गौर हत्याकाण्ड पीडित सङ्घर्ष समिति, रौतहटको आयोजनामा चन्द्रनिगाहपुरमा उनीहरूले आज चौथो दिन पनि धर्ना दिएका हुन्। सो धर्ना कार्यक्रमलाई आम जनता पार्टीका केन्द्रीय महासचिव उपेन्द्र साहलगायतका नेताहरूले समर्थन गर्दै धर्नामा बसेका थिए।

तस्वीरः प्रतीक

पर्साको ...

अभिभावक रहेको बताए। बालबालिका सानै हुँदा अभिभावकले बिंडी, चुरोट, सुर्ती तथा रक्सी खरीद गर्न लगाउने तथा उनीहरूको सामुन्ने सेवन गर्दा बालबालिकामाथि यसको असर हुने गरेको थारूले बताए । उनले दुई दशकपहिले ग्रामीण समाजमा दुर्व्यसनी भने शब्द पनि थिएन तर अहिले यो दुर्व्यसनले यस क्षेत्रमा विकराल रूप लिएको बताए । यसलाई न्यूनीकरण गर्न स्थानीय सरकार, अभिभावक तथा प्रहरी प्रशासनको नैतिक जिम्मेवारी रहेको र एकापसमा समन्वय गरी दुर्व्यसनविरुद्ध सक्रिय भएर लाग्न जरुरी रहेको अभियन्ता थारूले बताए ।

दृष्टिविहीन ...

आकाशमा उड्ने भनेपछि कस्तो हुने, आकाशमा कस्तो हुन्छ होला भन्ने थियो। तर उडिसकेपछि सबै अनुभव गर्न पाइयो।”

ब्लाइन्ड रक संस्थाका संस्थापक अध्यक्ष सृष्टि केसीको प्याराग्लाइडिङको दोस्रो अनुभव थियो। उनले नै यस कार्यको अग्रसरता लिएकी र आफ्ना साथीहरूलाई अवसर प्रदान गरेकी थिइन् । सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छेक्दैन भन्ने सन्देश प्रवाह गर्न 'इन्क्लुसिभ प्याराग्लाइडिङ' गराइएको केसीले बताइन् ।

उनले भनिन्, “यो समावेशी पर्यटन प्रवर्द्धन हो । यसबाट सफलतामा पुग्न अपाङ्गता र दृष्टिविहीनताले छेक्दैन भन्ने सन्देश दिएको छ । जीवनमा उचाइमा पुग्न, सफलता प्राप्त गर्न दृष्टिविहीनतामा सीमित हुन जरुरी छैन। त्योभन्दा माथि उठ्न सक्छौं, उड्न सक्छौं ।”

उनको प्याराग्लाइडिङको अनुभव पनि रोमाञ्चक छ । बादलभित्र हराउँदाको खुशी उनले शब्दमा व्यक्त गर्न सकिनन् । उनले भनिन्, “मेरो पाइलटले बादल छुहाउन लैजानुभयो । बादलमाथि पुग्ने उचाइमा पुग्ने सपना पूरा भएको छ, म बादललाई स्पर्श गरिरहेकी थिएँ ।

बादलभित्र हराउँदाको खुशीले मनमा छुट्टै उत्साह र ऊर्जा मिल्यो। जीवनमा सपना देख्न आँखा होइन, हिम्मत र आत्मबल चाहिन्छ र त्यो कहिल्यै पनि अपाङ्गता हुँदैन ।”

प्याराग्लाइडिङ पाइलट राम गौतमले दृष्टिविहीनलाई उडाएको आफ्नो पहिलो अनुभव रहेको बताए । अन्य सामान्य नागरिकले आफैंले देखेर आनन्दित हुने खुशीमा रमाउने गरे पनि दृष्टिविहीनलाई पाइलटले वर्णन गरिदिंदा उनीहरूसमेत अन्य नागरिकसरह उत्साहित भएको उनले बताए ।

उनले भने, “सामान्य नागरिक उडान भर्दा हिमाल, ताल, डाँडाकाँडा देखेर रमाउनुहुन्छ । दृष्टिविहीनलाई हामीले तपाई तालमाथि हुनुहुन्छ, बादलभित्र हुनुहुन्छ भनेर वर्णन गर्छौं, यसो भन्दा उहाँहरूसमेत उत्साहित हुनुहुन्छ ।”

वीरगंज महानगरपालिकाले पानीको सतह नापजाँच शुरू गरेको छ। केही महीनादेखि महानगरका चापाकलहरू सुकेका र पिउने पानीको अभाव भएपछि अहिले विभिन्न वडामा पानीको सतह नापजाँच गर्ने कार्य शुरू गरिएको हो। वडा नं १ बाट मापन गरिएको र त्यहाँ चार सय फिटमुनि पानी फेला परेको वडासदस्य दीपेन्द्र राउतले बताए। तस्वीरः नितेश कर्ण

नेउवामहासङ्घद्वारा उद्योगमन्त्रीलाई सुझाव

प्रस, वीरगंज, १६ साउन/

नेपाल उद्योग वाणिज्य महासङ्घले व्यापार क्षेत्रका समस्या समाधान गर्न उद्योग तथा वाणिज्य मन्त्री रमेश रिजाललाई ३४ बुँदे सुझाव बुझाएको छ।

तस्वीरः सौजन्य



मङ्गलवार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा नेपाल उद्योग वाणिज्य महासङ्घ अन्तर्गत रहेको व्यापार समितिका सभापति सुबोधकुमार गुप्ता नेतृत्वको टोलीले मन्त्री रिजाललाई भेटेर सुझाव बुझाएको हो।

नेपाल सरकारले ढुवानीमा लगाइने विभिन्न प्रकारका कर तथा दस्तुरहरूको अन्त्य हुनुपर्ने, आयात–निर्यात गर्दा लेबलिङ गर्नुपर्ने नियम स्थगन गर्नुपर्ने, जिल्ला अनुगमन समितिबाट गरिने अनुगमन टोलीमा दक्ष एवं अनुभवी कर्मचारी हुनुपर्ने साथै निजी क्षेत्रको प्रतिनिधि हुनुपर्ने सुझाव दिइएको छ।

त्यसैगरी, सङ्घीय, प्रदेश र स्थानीय सरकारद्वारा ढुवानीमा लगाइने विभिन्न प्रकारका कर तथा दस्तुरहरूको अन्त्य हुनुपर्ने, बैंक ब्याजदर क्रमशः कम गर्नुपर्ने, निर्यातमा दिइने इन्सेटिभ प्रक्रिया सहज एवं छरितो बनाउनुपर्ने, निर्यात हुने सम्भावित वस्तुहरूमा उचित इन्सेन्टिभको व्यवस्था गर्नुपर्ने, विभागबाट हुने नियमन तथा अनुगमनका साथै सरकार र व्यवसायीबीच मध्यस्थताको भूमिका निर्वाह गर्नुपर्ने, व्यवसाय नवीकरणको सीमा अवधि बढाउनुपर्ने, नापतौललाई स्थानीयस्तरबाटै प्रमाणीकरण गर्ने व्यवस्था हुनुपर्नेलगायतका सुझाव प्रस्तुत गरिएको छ।

सुझावपत्रमा नापयन्त्र खरीद गरेको बीजक जारी भएको मितिले ३० दिनभित्र नवीकरण गर्नुपर्ने व्यवस्था संशोधन गर्नुपर्ने, उद्योग–व्यवसायको प्रवर्द्धन एवं विस्तारका लागि स्थानीय तहमा सिर्जना गरिने अनेकौं प्रकारका समस्याहरूको अन्त्य गरी एकद्वार प्रणालीमार्फत उद्योग व्यवसायलाई सेवा दिइनुपर्ने, भन्सारबाट हुने चोरी निकासी नियन्त्रण गर्न बोर्डर सेक्युरिटीलाई डिजिटल सेक्युरिटीमा लानुपर्ने, उधारो कारोबारलाई सहजीकरण एवं नियन्त्रण गर्न क्रेडिट एक्ट ल्याउनुपर्ने, स्वास्थ्यजन्य मेडिकल तथा सर्जिकल मेशिन र औजारहरूको गुणस्तर सुनिश्चित गरी मात्र सञ्चालनमा ल्याउन पाउने व्यवस्थाको विकास हुनुपर्ने, कालोबजार ऐनको समयसापेक्ष संशोधन गरिनुपर्ने, भारतीय बन्दरगाहमा हवाईमार्गबाट आएका वस्तुहरूको निकासीका लागि सरकारबाट आवश्यक सहजीकरण एवं पहल हुनुपर्ने, हाल फर्निचर उद्योगमा ३६ इन्चभन्दा माथिको बैन्डसको प्रयोगमा बन्देज लगाइएको छ, आयातित काठहरूभन्दा स्वदेशी काठको आपूर्तिलाई सहज बनाइ बजार मूल्य कम हुनुपर्ने, फर्निचर व्यवसायीहरूले समिल व्यवसायीहरू सरह सरकारी टेन्डरमा भाग लिन पाउने व्यवस्था हुनुपर्ने, तयारी वस्तुभन्दा कच्चा पदार्थको रूपमा पैठारी हुने वस्तुहरूमा भन्सार शुल्क कर लगाइनुका साथै विद्यमान १३ प्रतिशत मूल्य अभिवृद्धि करलाई क्रमशः कम गरिनुपर्ने, उद्योगले आयात गर्ने मेशिनरीका स्पेयर पाट्र्स तथा प्याकेजिङका आवश्यक वस्तुहरूमा भन्सार शुल्क शून्य हुनुपर्ने, भन्सारबाट चेकजाँच गरी पठाइएका ट्रकहरूलाई बाटोमा रोकी चेकजाँचको नाममा सिर्जना गरिने समस्याहरूको अन्त हुनुपर्ने, सुक्खा बन्दरगाहको सडकछेउछाउमा डिपो खोल्न आवश्यक प्रावधानसहित सवारीसाधन आवतजावतको व्यवस्था हुनुपर्ने, चामलको सहज आपूर्तिका लागि भारतले प्रदान गरेको छ लाख मेट्रिकटन धानको कोटा तीन महीनामा सकिने भएकोले बढाएर १५ लाख मेट्रिकटन गर्न भारत सरकारसँग आवश्यक पहल गर्नुपर्ने, मुलुकको वार्षिक चिनी खपत तीन लाख मेट्रिकटन रहेको तर उत्पादन मात्र डेढ लाख मेट्रिकटन भएकोले भारतबाट कम्तीमा थप एक लाख मेट्रिकटन आयान गर्न पाउने कोटाको व्यवस्था हुनुपर्ने लगायतका सुझाव प्रस्तुत गरिएको छ।

Make your stay with us is a
memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

किसानलाई दुई बोरा ...

समितिले वितरण प्रणाली चुस्त बनाउनका लागि पनि रणनीति तयार पार्न सरकारलाई निर्देशन दिएको छ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्थानीय निकायको संयोजन गरी किसानलाई आवश्यक मलको निश्चित परिमाण, मापन र मल आपूर्तिको भरपर्दो तथा पारदर्शी वितरण प्रणालीका सम्बन्धमा स्पष्ट रणनीति बनाइ त्यसको जानकारी समितिलाई दिन निर्देशन दिएको छ।

खेलकूदको संसार

आइसिसी महिला विश्वकपको एशिया छनोटमा २४ खेलाडी छानिए

काठमाडौं, १६ साउन/रासस

नेपाल क्रिकेट सङ्घ (क्यान)ले आइसिसी महिला टी–२० विश्वकपको एशिया छनोट प्रतियोगिताको लागि मङ्गलवार २४ जना खेलाडी छनोट गरेको छ।

मलेशियामा आयोजना हुने उक्त प्रतियोगितामा रुविना क्षेत्रीको कप्तानीमा क्यानले २४ जना खेलाडी छनोट गर्दै बन्द प्रशिक्षणमा बोलाएको हो। विश्वकपको एशिया छनोट आगामी अगस्त २८ देखि सेप्टेम्बर ६ तारिखसम्म हुनेछ।

एशिया छनोटमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। जसमा नेपाल समूह 'ए'मा छ। नेपालको समूहमा आयोजक मलेशियासँगै भुटान, बहराइन, कतार र संयुक्त अरब इमिरेट्स (युएई) छन्। यसैगरी, समूह 'बी'मा कुवेत, चीन, हङकङ, म्यान्मा र थाइल्यान्ड छन्। आआफ्नो समूहमा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले सेमिफाइनल खेल्नेछन्।

फाइनल पुग्ने दुई राष्ट्रले भने बङ्गलादेशमा सन् २०२४ मा आयोजना हुने महिला विश्वकप प्रतियोगितामा स्थान पक्का गर्नेछन्।

नेपाली टोलीका लागि छनोट हुनेमा नेपाली टोलीकी कप्तान रुविनासहित सीता रानामगर, इन्दु बर्मा, अप्सरी बेगम, कविता कुँवर, कविता जोशी, अस्मिना कर्माचार्य, ईश्वरी विष्ट, कृतिका मरासिनी, बिन्दु रावल, नेरी थापा, काजोल श्रेष्ठ र सम्झना खड्का छन्।

त्यसैगरी, सरस्वती चौधरी, स्नेहा महरा, सृष्टि जैसी, कञ्चन श्रेष्ठ, रोमा थापा, सबनम राई, पूजा महतो, खुशी डङ्गोल, मनीषा चौधरी, ज्योति पाण्डे र रूवि पोडार पनि छनोटमा परेका छन्।

ढोंगही नदीको बाँधको पानीले साढे तीन बिघा धानबालीमा क्षति

प्रस, परवानीपुर, १६ साउन/

पर्सा, विन्ध्यवासिनी गाउँपालिका–२ स्थित ढोंगही नदीमा बाँध निर्माण गरी कुलोबाट सिंचाइ गरिरहेको अवस्थामा धानबालीमा क्षति पुगेको छ।

तस्वीरः प्रतीक

पहाडी जिल्ला र जङ्गली क्षेत्रमा भएको भारी वर्षाका कारण पर्साका खोलाहरूमा तीन/चार दिनदेखि जलस्तर बढेको छ।

भेडाहा खोलामा आएको बाढीले ढोंगही नदीमा पनि पानीको बहाव बढाएको छ। ढोंगही नदीको पानी बाँध बाँधेर सिंचाइ गर्न बनाइएको कुलोमा बाढीको पानी जाँदा कुलो फुटेर किसानको खेतमा क्षति पुगेको हो।

विन्ध्यवासिनी गापा–२ गर्दौलका करीब एक दर्जन किसानका साढे तीन बिघा जति धानबाली नष्ट हुनुका साथै बाढीले बगाएर खेतलाई खोला बनाइदिएको स्थानीय निरञ्जन पडित कुम्हारले बताए। उनका अनुसार विन्ध्यवासिनी गापाका अध्यक्ष प्रमोद तिवारीको निर्देशनमा सो बाँध निर्माण गरिएको र खोलामा बाढी आएपछि बाँध काट्ने भए तापनि चासो नदिंदा खोलाको बाढीको पानी कुलो भएर किसानको खेतमा पुग्दा क्षति पुगेको हो।

किसानहरूले बिग्रेको खेतलाई स्काभेटर लगाएर खेत सम्याउन र बालीको क्षतिपूर्ति गापाले बेहोर्नुपर्ने माग गरेका छन्। बाढी आउँदा र खोलाको जलस्तर बढ्दै जाँदा सिंचाइको कुलो बन्द गरी बाँध काट्नुपर्ने माग गरिराख्दा पनि बाँध नकाटिएकोले किसानलाई क्षति भएको गर्दौलकी किसान शोसिला रौनियारले बताइन्। उनले खेत बगर बन्दा तीन दिनदेखि अन्नपानी पनि नरुच्ने गरेको र आँखाबाट आँसु आइरहने पीडा पोखिन्।

यस विषयमा गापा अध्यक्ष तिवारीले आफ्नो हजुरबुबाको पालादेखि सो खोलामा बाँध निर्माण गरी धानबाली सिंचाइ हुँदै आएको र यसपटक खोलामा अचानक अथाह पानी आउँदा यस्तो समस्या सिर्जना भएको बताउँदै खोलाको बाढीले क्षति पुगेका किसानहरूका खेत मौसम अनुकूल भएपछि सम्याउने र पहिलेको अवस्थामा माटो पुरेर धानबाली लगाउन योग्य बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले गाउँकै अन्य किसानका सयौं बिघा खेतलाई मध्यनजर राख्दै खोलामा बाँध निर्माण गरेको र सोही क्रममा बाँधको पानीले क्षति भएकोमा दुःख व्यक्त गरे। तर किसानको बालीको जिम्मा कसले लिने भन्ने प्रश्नमा उनले बालीको जिम्मा आफूले नलिनेको जवाफ दिए।

ढोंगही नदीले बगर बनाएको खेत र गापा अध्यक्ष प्रमोद तिवारी। तस्वीरः प्रतीक

रौतहटका १३ वटा व्यापारीमाथि मुद्दा दर्ता

प्रस, रौतहट, १६ साउन/

रौतहटका १३ वटा व्यापारीमाथि कारबाई प्रक्रिया अगाडि बढाइएको छ। गुणस्तर तथा नापतौल कार्यालयले चेकजाँचको क्रममा इजाजत नलिई कारोबार गर्दै आएका व्यापारीहरूलाई कारबाईको सूचीमा राखेको छ। कम नापतौल गरेर उपभोक्तालाई ठगी गर्दै आएको आरोपसमेत नापतौल कार्यालयले लगाएको छ।

इजाजत नलिई नापतौल गर्ने यन्त्रको प्रयोग गर्ने पशुपति फेन्सी, माँ लक्ष्मी सुनचाँदी ज्वेलर्स, न्यू प्रिया ज्वेलर्स, रामबल ट्रेडर्स, बैजु किराना एन्ड जेनरल स्टोर्स, सरोज बीजभण्डार, कृष्ण राइस मिल, बाबा विश्वकर्मा राइस मिल, पप्पु हार्डवेयर एन्ड मेशिनरी, लक्ष्मी हार्डवेयर, रोशन हार्डवेयर स्टोर्स, जय बजरङ्गीबली ट्रेडर्समाथि अदालतमा मुद्दा दायर गरिएको गुणस्तर तथा नापतौल कार्यालय, वीरगंजले जनाएको छ।

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने टङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी टङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड